# शिखर इन्स्योरेन्स कम्पनी लि.

## परिशिष्ट १ (निर्देशन १ सँग सम्बन्धित)

# निर्जीवन बीमा गर्ने बीमकको त्रैमासिक वित्तीय विवरण
# आ.व. २०७०/७१ को तेश्रो त्रैमासिक (२०७० चैत्र मसान्त) सम्मको लेखापरीक्षण हुन बाँकी (UNAUDITED) वित्तीय परिणाम

(रकम रु हजारमा) (रकम रु हजारमा) (रकम रु हजारमा)

**वासलात**

| क्रसं | विवरण | यस त्रैमासिकको अन्त्यसम्ममा (२०७०/१२/३०) २०७०/७१ तेश्रो त्रैमासिक | अघिल्लो त्रैमासिकको अन्त्यसम्ममा (२०७०/०९/३०) २०७०/७१ दोश्रो त्रैमासिक | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्यसम्ममा २०६९/७० तेश्रो त्रैमासिक |
|---|---|---|---|---|
| १ | श्रोत (१.१ देखि १.४ सम्म) | ५३२,९४८.३८ | ४९२,६००१८ | ३५५,७०१.३४ |
| १.१ | चूक्ता पुँजी | १७५,०००.०० | १७५,०००.०० | १२५,०००.०० |
| १.१(क) | अग्रिम भुक्तानी (Call in advance) | ७०,०००.०० | ७०,०००.०० | - |
| १.२ | जगेडा कोष | १०५,७८२.४१ | ८५,६०८.३१ | १०४,२६६.३४ |
| १.३ | बीमा कोष | १८२,१६५.९७ | १६१,९९१.८७ | १२६,४३४.९९ |
| १.४ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | | | |
| २ | उपयोग (२.१ देखि २.५ सम्म) | ५३२,९४८.३८ | ४९२,६००१८ | ३५५,७०१.३४ |
| २.१ | स्थिर सम्पत्ति (खूद) | २२१,५७५.१७ | २२५,०११.६२ | २३०,०२४.०९ |
| २.२ | दिर्घकालिन लगानी तथा कर्जा | १३०,७६१.५२ | १०५,६५६.९३ | ६४,८७६.४३ |
| २.३ | खूद चालू सम्पत्ति (३-४) | १७९,४४९.४० | १६०,६३२.७२ | ५९,६४४.८२ |
| २.४ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | १,१६२.२९ | १,२९८.९१ | १,१५६.०० |
| २.५ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | | | |
| ३ | चालू सम्पति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म) | ८६८,१३७७८ | ९०७,५५८.३२ | ९७२,०२८.७३ |
| ३.१ | नगद तथा बैंक मौज्दात | ६०,१५५.७५ | ३९,४२९.४८ | ७८,२८०.४४ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | ४४६,०७५.०० | ४१५,१६४.१९ | ३३८,०७९.५० |
| ३.३ | अन्य सम्पत्ति | ३६१,९०७०३ | ४५२,९६४.६५ | ५५५,६६८.७९ |
| ४ | चालू दायित्व तथा व्यवस्थाहरु (४.१ देखि ४.४ सम्म) | ६८८,६८८.३८ | ७४६,९२५.५९ | ९१२,३८३.९० |
| ४.१ | चालू दायित्व | १८३,७७९.०६ | २३४,२६५.७१ | ४७३,६५३.४२ |
| ४.२ | असमाप्त जोखिमवापत व्यवस्था | २६२,४६२.७४ | २७४,१५७२० | १८१,५०५.६७ |
| ४.३ | भूक्तानी हून बाँकी दाबीवापत व्यवस्था | १४३,३४९.०९ | १३८,४३५१८ | १५४,०६९.३० |
| ४.४ | अन्य व्यवस्था | ९९,०९७४९ | १००,०६७५० | १०३,१५५.५१ |

**नाफा-नोक्सान हिसाब**

| क्रसं | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा (२०७०/१२/३०) २०७०/७१ तेश्रो त्रैमासिक | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा (२०७०/०९/३०) २०७०/७१ दोश्रो त्रैमासिक | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा २०६९/७० तेश्रो त्रैमासिक |
|---|---|---|---|---|
| १ | आम्दानी (१.१ देखि १.४ सम्म) | १४३,०९८.०४ | ७६,६९०.४७ | १०७,१५३.५५ |
| १.१ | आय व्यय हिसाबबाट सारेको | १२९,५४७१५ | ६८,५३६.७८ | १०३,२३०.९१ |
| १.२ | लगानी कर्जा तथा अन्यबाट आय | १३,५५०८९ | ८,१५३६९ | ३,९२२.६४ |
| १.३ | व्यवस्था फिर्ता | - | - | - |
| १.४ | अन्य आम्दानी | - | - | - |
| २ | व्यवस्था तथा खर्चहरु (२.१ देखि २.७ सम्म) | ५७,५६०.२२ | ३१,५००.८५ | ४३,६५७७७ |
| २.१ | व्यवस्थापन खर्च | ८,२६८.६२ | ५,४०२.९८ | ६,७३२.४७ |
| २.२ | अपलेखन खर्च | ४१२.८५ | २७५.२३ | ४१७०० |
| २.३ | अन्य खर्च | - | - | २२५.०० |
| २.४ | नोक्सानीको लागि व्यवस्था | - | - | - |
| २.५ | कर्मचारी आवास व्यवस्था | - | - | - |
| २.६ | कर्मचारी बोनश व्यवस्था | १२,२१९.६९ | ६,४५५.६६ | ९,०७०.८२ |
| २.७ | आयकर | ३६,६५९.०७ | १९,३६६.९८ | २७,२१२.४७ |
| ३ | खूद नाफा/नोक्सान (१-०) | ८५,५३७.८२ | ४५,१८९.६२ | ६३,४९५.७७ |

**एकिकृत आय व्यय हिसाब**

| क्रसं | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा (२०७०/१२/३०) २०७०/७१ तेश्रो त्रैमासिक | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा (२०७०/०९/३०) २०७०/७१ दोश्रो त्रैमासिक | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा २०६९/७० तेश्रो त्रैमासिक |
|---|---|---|---|---|
| १ | आय (१.१ देखि १.६ सम्म) | ७७०,८३६.५४ | ६२५,६२५.०७ | ६०९,३९७६७ |
| १.१ | वीमाशूल्क (खूद) | ३३१,७९६.१७ | २१८,६३५.९२ | २३४,७४४.८८ |
| १.२ | पूनर्बीमा कमिशन आय | ७५,७६२.५१ | ५३,५१७४७ | ७५,५५७१५ |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | २४,६२०.६४ | १४,८१४.४५ | ३५,३०३.७७ |
| १.४ | अन्य प्रत्यक्ष आय | - | - | - |
| १.५ | त्रैमासिकको शूरुको भूक्तानी हून बाँकी दावी वापत व्यवस्था | ११८,२९६.७० | ११८,२९६.७० | १२४,६३१.३७ |
| १.६ | त्रैमासिकको शुरुको असमाप्त जोखिम वापत व्यवस्था | २२०,३६०.५३ | २२०,३६०.५३ | १३९,१६०.५० |
| २ | व्यय (२.१ देखि २.८ सम्म) | ६४१,२८९.३९ | ५५७,०८८.२९ | ५०६,१६६.७६ |
| २.१ | दावी भूक्तानी (खूद) | १२८,२७०.२६ | ७२,५०९.९७ | ७९,१३२.२४ |
| २.२ | अभिकर्ता कमिशन | २९,०४७४५ | २०,९६६.७३ | २८,१५५.२१ |
| २.३ | पुनर्बीमा कमिशन खर्च | ४२४.३० | २०६.०४ | ३६४.६४ |
| २.४ | सेवा शूल्क (खूद) | ३,३१७.९६ | २,१८६.३६ | २,३४७४५ |
| २.५ | अन्य प्रत्यक्ष खर्च | - | - | - |
| २.६ | व्यवस्थापन खर्च | ७४,४१७६० | ४८,६२६.८१ | ६०,५९२.२४ |
| २.७ | त्रैमासिकको अन्तयको भूक्तानी हून बाँकी दावी वापत व्यवस्था | १४३,३४९.०९ | १३८,४३५१८ | १५४,०६९.३० |
| २.८ | त्रैमासिकको अन्त्यको असमाप्त जोखिम वापत व्यवस्था | २६२,४६२.७४ | २७४,१५७२० | १८१,५०५.६७ |
| ३ | नाफा र नोक्सान हिसाबमा सारेको (१-२) | १२९,५४७१५ | ६८,५३६.७८ | १०३,२३०.९१ |

**अन्य**

| क्रसं | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा (२०७०/१२/३०) २०७०/७१ तेश्रो त्रैमासिक | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा (२०७०/०९/३०) २०७०/७१ दोश्रो त्रैमासिक | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा २०६९/७० तेश्रो त्रैमासिक |
|---|---|---|---|---|
| १ | बीमाशुल्क आर्जन कूल रकम (रकम रु हजारमा) | ७५५,९४३.४४ | ५०६,९०६.०५ | ६९०,४२६१२ |
| २ | जारी बीमालेखको संख्या | ५८,०६१ | ३२,२४२ | ३८,८५९ |
| ३ | नवीकरण गरिएको वीमालेखको संख्या | ७,८२३ | ७,०२५ | १४,११२ |
| ४ | कूल दाबी भूक्तानी (रकम रु हजारमा) | १९४,८८८.६४ | १०४,७१६.०० | ११४,१४५.४० |
| ५ | कूल दाबी भूक्तानी संख्या | १,२३८ | ७२१ | ९६९ |
| ६ | भूक्तानी हुन बाँकी दाबी (रकम रु हजारमा) | ३६१,२७७६० | ३५७,०८१.२९ | ३९०,५७२.४२ |
| ७ | भूक्तानी हुन बाँकी दाबी संख्या | १,४७८ | १,५३७ | १,५५५ |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को अनुसूची १४ (नियम २२ को उपनियम (२) सँग सम्बन्धित)
## आ.व. २०७०/७१ को तेश्रो त्रैमासिक प्रतिवेदन

(१) **वित्तीय विवरण :**

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धित विवरण ।

यस कम्पनीको आ.व. २०७०/७१ को तेश्रो त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान तथा आय व्यय हिसाब विवरण (Unaudited) निम्नबमोजिम रहेको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु

| | | | |
|---|---|---|---|
| प्रतिशेयर आम्दानी | ४८।८८ | प्रतिशेयर नेटवर्थ | २६३।८८ * |
| मूल्य आम्दानी अनुपात (PE Ratio) | १९।२३ | प्रतिशेयर कुल सम्पत्तिको मूल्य | ६९७४१ * |

(२) **व्यवस्थापकीय विश्लेषण :**

हालको प्रतिस्पर्धात्मक बजारमा पनी कम्पनीको बीमाशुल्क आम्दानीमा वृद्धि हुने क्रमले निरन्तरता पाएको देखिन्छ । कम्पनीको लगा( नी, नाफा तथा अन्य परिसूचकहरु पनि उत्साहजनक नै देखिन्छ । पुनर्बीमा प्रक्रिया तथा दाबी भुक्तानी तथ्याङ्कसमेत सन्तोषजनक रहेको छ । साथै निर्जीवन बीमा व्यवसाय गर्ने कम्पनीको त्रैमासिक वित्तीय विवरण सम्बन्धित निर्देशिका अनुरुप असमाप्त जोखिम जगेडा कायम गर्दा रू. २६.२४ करोड पुग्न जाँदा कम्पनीको जोखिम वहन गर्ने क्षमतामा उल्लेखनीय वृद्धि हुन पुगेको छ जसले गर्दा भविष्यमा कम्पनीको आर्थिक अवस्था अझ सुदृढ हुने निश्चित छ ।

(३) **कानूनी करबाहीसम्बन्धी विवरण :**

यस अवधिमा कम्पनीको व्यावसायिक कारोबारसम्बन्धी कुनै पनि मुद्दा नपरेको ।

(४) **संगठित संस्थाको शेयर कारोबारसम्बन्धी विवरण :**

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य | १,२५४ | न्यूनतम मूल्य | ८५६ |
| अन्तिम मूल्य | ९४० | कारोबार भएको कूल दिन | ५१ |
| कारोबार संख्या | ६८२ (१,२७,४५०) | | |

५) **समस्या र चुनौती :**

(क) आन्तरिक समस्या र चुनौती :

१) नेपाल सरकारद्वारा तेस्रो पक्ष बीमा अनिवार्य गरिएको परिप्रेक्ष्यमा बीमा शुल्क बढ्ने अवसर प्राप्त हुँदाहुँदै पनि व्यवसाय तथा दाबीको अनिश्चितताको कारण आगामी दिनमा आउन सक्ने जोखीमको कारणले गर्दा यो क्षेत्र चुनौतीपूर्ण रहने नै छ ।

२) कम्पनीले विभिन्न बैंकहरुसँग Banc assurance व्यवसाय शुरु गरिसकेको परिप्रेक्ष्यमा यसलाई दिगो रुपमा विकसित गर्नको लागि हालको प्रतिस्पर्धी बजार ज्यादै चुनौतीपूर्ण छ ।

(ख) बाह्य समस्या र चुनौती :

१) अस्थिर राजनैतिक वातावरणबाट उत्पन्न आर्थिक तथा अन्य समस्याहरु ।

२) व्यावसायिक क्षेत्रमा भइरहेको प्रतिस्पर्धाले गर्दा आगामी दिनहरु चुनौतीपूर्ण हुन सक्ने देखिन्छ ।

३) नेपालको भौगोलिक विकटताको कारण कृषि तथा लघुबीमामा सबैको पहुँच पुर्‍याउन ठूलो लगानी गर्नुपर्ने तथा पूर्वाधार विकासमा जोड दिनुपर्ने देखिन्छ ।

४) बीमासम्बन्धी सचेतनाको कमी पनि प्रमुख चुनौतीको रुपमा रहेको छ ।

(ग) **रणनीति :**

व्यवसायलाई आधुनिकीकरण गर्दै नयाँ-नयाँ सेवा तथा सुविधाहरु ग्राहकमाझ पुर्‍याउन कम्पनी तत्पर रहेको छ । कृषि तथा पशुपन्छी बीमाको अवसर तथा चुनौतीको अध्ययन गरी यसको सम्भाव्यता पहिचान गरी यस क्षेत्रका ग्राहकलाई बीमा व्यवसायको पहुँच पुर्‍याई व्यवसाय विस्तार गर्न कम्पनीले देशका विभिन्न क्षेत्रमा १५ वटा शाखा कार्यालय खोलिसकेको र यो कार्यलाई निरन्तरता दिइने छ । जसको लागि कम्पनीले समय समयमा बीमासम्बन्धी विभिन्न सूचनामूलक कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । साथै, कम्पनीले राष्ट्रको आवश्यकता तथा बजार सम्भाव्यताको आधारमा नयाँ नयाँ बीमालेखहरु प्रयोगमा ल्याई आफ्नो छुट्टै पहिचान राख्न तत्पर रहेको छ ।

(६) **संस्थागत सुशासन :**

बीमा ऐन, नियम तथा बीमा समितिद्वारा दिइने निर्देशन एवं निर्देशिका र कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीअनुसार संस्थागत सुशासनको लागि आन्तरिक लेखा परीक्षकमार्फत लेखा परीक्षण गर्ने र लेखा परीक्षकको सुझाव तथा बीमा समितिद्वारा जारी गरिएको संस्थागत सुशासनसम्बन्धी निर्देशिका, २०६९ द्वारा तोकिएको निर्देशनबमोजिम कम्पनीले कार्य सम्पादन गर्दै आएको छ । साथै सम्पत्ति शुद्धीकरणद्वारा निर्दिष्ट वातावरणले पनि संस्थागत सुशासनमा अनुकूल असर पर्नेमा कम्पनी विश्वस्त छ ।

(७) **सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा पूर्ण उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन साथै हालसम्म प्राप्त दाबी हिसाब, पुनर्बीमा हिसाबलगायत लेखापरीक्षण गर्दा कुनै व्यवस्था गर्नुपरेमा माथि देखाइएको हिसाबमा फरक पर्न सक्ने छ ।

** अग्रिम शेयर भुक्तानी रकम समावेश नगरिएको*